# नेपाली कम्पनीद्वारा भोटेकोसी खरिद

## सर्वसाधारण र परियोजना स्थलवासीलाई सेयर दिइने

कान्तिपुर संवाददाता

काठमाडौं, १४ चैत- भोटेकोसी जलविद्युत् योजनाको प्रमुख लगानीकर्ता अमेरिकी कम्पनीले बहुमत सेयर नेपालीलाई बिक्री गरेको छ ।

अमेरिकी पान्डा अफ नेपाल डलास कम्पनीले आफ्नो स्वामित्वमा रहेको भोटेकोसी पावर कम्पनी प्रालिको ७५ प्रतिशत सेयर हिमाल इन्टरनेसनल इनर्जी प्रालिलाई बेचेको हो । सिन्धुपाल्चोक भोटेकोसीमा निर्मित ३६ मेगावाटको यो आयोजना पाँच वर्षअघि सञ्चालनमा आएको थियो ।

पान्डा र हिमालबीच शुक्रबार सेयर खरिद/बिक्रीको टुंगो लागेको थियो । यसका लागि हिमालले झन्डै १ अर्ब ६० करोड रुपैयाँ (२ करोड २० लाख लाख अमेरिकी डलर) पान्डालाई दिएको छ । नेपालमा एउटै कम्पनीको यति ठूलो सेयर खरिद/बिक्री भएको भएको यो पहिलो हो ।

यसअघि भोटेकोसीमा नेपाली लगानीकर्ता हिमाल इन्टरनेसनलको १० प्रतिशत सेयर थियो । अमेरिकी कम्पनीको सेयर किनेपछि नेपाली साझेदारको लगानी ८५ प्रतिशत पुगेको छ । अमेरिकी हार्जा कम्पनी र अन्तर्राष्ट्रिय संस्था इन्टनेसनल फाइनान्स कर्पोरेसन (आइएफसी)को सेयर लगानी भने यथावत् छ । यी दुई कम्पनीको स्वामित्वमा क्रमशः १० र ५ प्रतिशत सेयर छ ।

पान्डा अमेरिकास्थित पान्डा ग्लोबल होल्डिङस् तथा डीटीई इनर्जीअन्तर्गत एमसीआईएनसीको संयुक्त लगानी भएको कम्पनी हो । सेयर बिक्रीसँगै दुवै कम्पनीको नेपालबाट लगानी फिर्ता भएको छ । दुवैले विश्व बजार कारोबारबाट हट्ने र स्थानीय आन्तरिक ऊर्जा व्यापारमा मात्र ध्यान दिने आफ्नो नीतिअनुरूप फर्किएको जनाएका छन् ।

स्ट्यान्डर्ड चार्टर्ड बैंकले यो सेयर कारोबारलाई सहज बनाउन वित्तीय सल्लाहकारको काम गरेको थियो । बैंकले सेयर खरिदका लागि हिमाललाई ऋण प्रवाह गरेको छ । बैंकको लन्डन, सिंगापुर र न्युयोर्कमा कार्यरत विज्ञहरू सेयर कारोबारको विश्लेषणमा संलग्न थिए ।

'करिब दुई वर्षदेखि कारोबारबारे वार्ता भइरहेका थिए,' भोटेकोसी पावरका अध्यक्ष सिद्धार्थ राणाले

**'यो ऊर्जा व्यापारका लागि ठूलो कदम हो'**



सोमबार पत्रकार सम्मेलनमा भन्नुभयो- 'यो हाम्रो भविष्यको ऊर्जा व्यापारका लागि ठूलो कदम हो ।'

राणाले यो परियोजना र जलविद्युत् व्यवसायलाई राम्रोसँग बुझेकाले सेयर खरिद गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । पान्डा र एमसीआईएनसीका प्रतिनिधि जोन जामलिनले आन्तरिक बजारमा केन्द्रित हुन सेयर बिक्री गरिएको र यो स्थानीय साझेदार कम्पनीले खरिद गर्नु खुसीलाग्दो भएको बताउनुभयो । 'सेयर हस्तान्तरण सबै पक्षको भविष्यको रणनीतिअनुसार उपयुक्त छ,' उहाँले भन्नुभयो- 'पहिलेदेखि सोच्दै आएको यो कारोबार सबै पक्षका लागि फाइदाजनक हो ।' आइएफसीका प्रतिनिधिले पनि यो सेयर खरिद/बिक्रीलाई सकारात्मक रूपमा लिएको जनाए ।

केही वर्षयता भोटेकोसी व्यवस्थापनको जिम्मेवारी नेपाली समूहले लिएको थियो । अध्यक्ष राणाले कम्पनीले आफ्नो स्वामित्वमा रहेको सेयरको केही हिस्सा सर्वसाधारणलाई बिक्री गर्ने र केही हिस्सा आयोजना रहेको सिन्धुपाल्चोकस्थित १० गाउँ विकास समितिको संयुक्त ट्रस्ट बनाएर 'गिफ्ट' को रूपमा दिने जानकारी दिनुभयो ।

'अन्तिममा हिमालको सेयर ५१ प्रतिशत मात्र राख्ने लक्ष्य छ,' उहाँले भन्नुभयो- 'विदेशी लगानीकर्तालाई समेत केही सेयर बिक्री गर्न सकिन्छ । यो परियोजनाको प्रतिफल ग्रामीण र धेरै नेपालीले लिन पाऊन् भन्ने हाम्रो चाहना छ ।' सर्वसाधारणका लागि सेयर निष्कासन गर्न एक वर्ष वा बढी समय लाग्ने उहाँले बताउनुभयो ।

भोटेकोसीले नेपाल विद्युत् प्राधिकरणलाई वार्षिक करिब १ करोड ८० लाख अमेरिकी डलर बराबरको विद्युत् बिक्री गर्छ । यो रकम विदेशी मुद्रामा दिनुपर्ने सर्त छ । यो सर्तमा कुनै परिवर्तन गरिएको छैन । 'विदेशी वित्तीय संस्थाबाट लिइएको ऋण र विदेशी साझेदार पनि यथावत् रहेकाले अमेरिकी डलरमा भुक्तानी गर्नुपर्ने प्रक्रिया परिवर्तन हुँदैन,' कम्पनीका प्रेसिडेन्ट सुजीव शाक्यले भन्नुभयो । डलर भुक्तानी दिने गरी उच्चदरमा प्राधिकरणले विद्युत् खरिद गरेको आरोप यो आयोजनाले झेल्दै आएको छ । नाफामा सञ्चालन भइरहेको भोटेकोसीमा झन्डै ७ अर्ब रुपैयाँ लगानी भएको थियो । यसमध्ये ७ करोड डलर ऋण लिएको थियो । भोटेकोसीबाट वार्षिक औसत २ सय ४६ गिगावाट प्रतिघन्टा विद्युत् उत्पादन हुन्छ । कम्पनीका महाप्रबन्धक डा. सन्दिप शाहले प्राधिकरणसँग ५३ लाख अमेरिकी डलर भुक्तानी लिन बाँकी रहेको जानकारी दिनुभयो ।